# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०७।२० गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०७।२० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगकोमागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्र.थानेश्वर खनाल जैसी, दधिराम न्यौपाने र छविलाल भुषाल (वि.अ. को मु.नं. ०७५-CR-००२७८), वि.अ. को फैसला मिति २०८०।१।१०) | सार्वजनिक सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको। | प्र.थानेश्वर खनाल जैसी उपर बिगो रु.२१,३९,६०५।०४, प्र.दधिराम न्यौपानेको हकमा बिगो रु.६,०७,०७०।८६ र प्र.छवीलाल भुसालको हकमा बिगो रु.६,०७,०७०।८६ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१), प्र.थानेश्वर खनाल जैसीको हकमा देहाय (च) र प्र.दधिराम न्यौपाने र प्र.छविलाल भुसालको हकमा देहाय (ङ) बमोजिम सजाय हुन तथा ऐ.ऐनको दफा १७ बमोजिम बिगो | **फैसलाः**<br>आरोप मागदावीबाट पूर्ण सफाई।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>• लागत अनुमान भन्दा बढी रकम खर्च हुनु आफैमा भ्रष्टाचार हुन सक्दैन, अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिहरूले विद्यालय भवन निर्माणमा रकम हिनामिना भएको छैन भनी कागज गरी अदालतमा सोही व्यहोराको वकपत्र गरेको,<br>• शोधभर्नाको विषय कानुनले नै मान्यता दिएको विषय रही सम्बन्धित कानुन बमोजिम नै नियमित हुन सक्ने विषय रहेकोले शोधभर्ना हुन नसकेको भन्ने आधारमा मात्र भ्रष्टाचार भएको भन्न मिल्ने हुदैन,<br>• लेखापरीक्षण प्रतिवेदनबाट प्रतिवादी थानेश्वर खनाल जैसीले बुझाउन बाँकी रहेको रु.२,७१,५३२।१२ रकम कानुन बमोजिम असुल गर्न मिल्ने नै देखिन्छ। बेरूजु रहेको भन्ने आधारमा मात्र भ्रष्टाचार गरेको भन्न मिल्ने नदेखिँने । | • लागत अनुमान कार्य नगरी गर्नुपर्ने कार्यहरू समेत बाँकी नै रहेको अवस्थामा प्रतिवादीहरूले रु.२५,२२,०६६।– मात्र खर्च गरी रु.३७,८३,०६८।५४ रकम भुक्तानी गरी रु.१२,६१,००२।४६ बढी भुक्तानि दिई रकम हिनामिना गरी भ्रष्टाचार भए गरेको अवस्थामा समेत लागत अनुमान भन्दा बढी रकम खर्च हुनु आफैमा भ्रष्टाचार हुन सक्दैन भन्ने आधार ग्रहण गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहेको,<br>• प्रतिवादीले विद्यालयलाई तिर्न बुझाउन पर्ने भनी लेखा परीक्षण प्रतिवेदनमा उल्लेखित रकम हालसम्म नतिरेको कार्यबाट प्रतिवादीहरुको उक्त रकम लिने खाने उद्देश्य रहे भएको देखिएको,<br>• **कार्यालयमा प्राप्त हुन आएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रबन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ । कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पर्दछ। तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गरी विभागीय कारबाही समेत गर्न सकिनेछ**[1] भन्ने व्यवस्था रहनुका साथै हालको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ मा समेत उक्त प्रावधान कायम रहेको,<br>• **कुनै राष्ट्रसेवक वा व्यक्तिउपर यस ऐन अन्तर्गत् मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिउपर नेपाल सरकार वा सार्वजानिक संस्थालाई पुग्न गएको हानिनोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तर्गत् मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन**[2] भन्ने कानूनी व्यवस्था समेत रहेकोमा उक्त कानूनी व्यवस्थाको अनादेखा गरी शोधभर्नाको विषय कानुनले नै मान्यता दिएको विषय रही सम्बन्धित कानुन बमोजिम नै नियमित हुन सक्ने विषय रहेको भनी गरेको फैसला त्रुटीपूर्ण रहेको,<br>• **भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुर्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनु पर्ने** [3]। भनी सिद्धान्त प्रतिपादन भएको पाईन्छ। प्रस्तुत मुद्दामा समेत प्रतावादीहरुले उक्त रकम अनियमित तवरबाट खर्च गरेको, एक कामको लागि बिनियोजन भएको रकम |

[1] आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१).

[2] भ्रष्टाचार निवारण ऐन, 2059 को दफा ५९(ङ)

[3] ने.का.प. २०७६, अंक ३ , नि.नं.१०२०८।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रकम समेत असुल उपर हुन। | | अर्को काममा खर्च गरेको, खर्च भएको रकम शोधभर्ना गर्ने भनी विद्यालय व्यवस्थापन समितिवाट निर्णय समेत गराएको तर शोधभर्ना नगरी बसेको अवस्थामा निज प्रतिवादीहरुको दूषित मनसाय रहेको स-प्रमाण पुष्टी हुन आएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | **प्रतिवादीहरु अमरबहादुर मल्लसमेत ८ जना** (वि.अ. को मु.नं. ०७६-CR-०३९९) वि.अ. को फैसला मिति २०८०।०१।१५) | **गलत लिखत तयार पारी सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको** | जिल्ला हुलाक कार्यालय, दैलेखका हुलाक अधिकृत अमरबहादुर मल्ल, नायब सुब्बा सन्तोष गौतम, सहायक कम्प्युटर अपरेटर गणेशबहादुर के.सी. र तत्कालीन हुलाक सेवा विभागका शाखा अधिकृत श्यामकुमार सिंहले एक आपसमा मिलेमतो गरी आ.व.०६९/०७० मा २९९ र आ.व.०७०/०७१ ४१२ जनाको दरवन्दी कायम गरी पटकपटक गरी वास्तविक दरवन्दी भन्दा १४७ र २६० जना वढी देखाई झुठ्ठा व्यहोराको गलत लिखत तयार गरेको र सोही लिखतको आधारमा तत्कालीन हुलाक कार्यालय दैलेखका निमित्त कार्यालय प्रमुखको रुपमा कार्यरत नायब सुब्बा रणबहादुर बोहरा र लेखापाल शालीग्राम पौडेलले दरवन्दी भन्दा वढी उल्लिखित १४७ जना कर्मचारीहरुलाई नियमानुसार नियुक्ति गरेको होईन र नियमानुसार दरवन्दी निकासा भएको होईन र निजहरु नेपाल सरकारबाट तलव भत्ता लगायतका कुनै सेवा सुविधा लिन नपाउने व्यक्तिहरु हुन् भन्ने जानकारी हुँदाहुँदै पनि तत्कालीन कार्यालय प्रमुख अमरबहादुर मल्ल समेतको मिलेमतोमा निजहरु दुवै | **<u>फैसलाः</u>**<br><br>**प्रतिवादीहरु अमरबहादुर मल्ल र शालिग्राम पौडेल**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ९ बमोजिमको कसुरमा विगो रु.१,८२,०६,९००।—(एक करोड बयासी लाख छ हजार नौ सय रुपैंया) को दामासाहीले जनही रु.९१,०३,४५०।— (एकानब्बे लाख तीन हजार चार सय पचास रुपैंया) विगो कायम भई ऐ.ऐनको दफा ३(१) बमोजिम जनही ६ वर्ष कैद, रु.९१,०३,४५०।– (एकानब्बे लाख तीन हजार चार सय पचास रुपैंया) जरिवाना, नोक्सानीको विगो प्रतिवादीहरुबाट ऐ.दफा १७ बमोजिम असूल उपर हुने ठहर्छ र प्रतिवादी मध्येका अमरबहादुर मल्ललाई ऐ.दफा ९ बमोजिम कसूरको मात्रा अनुसार ६(छ) महिना कैद र रु.२०,०००।—(बीस हजार रुपैया) जरिवाना हुने ठहर्छ, प्रतिवादी सन्तोष गौतम ऐ.ऐनको दफा (९) को कसूरको मात्रा अनुसार ३(तीन) महिना कैद र रु.१०,०००।– (दश हजार रुपैया) जरिवाना हुने ठहर्छ।**प्रतिवादीहरु सन्तोष गौतम, श्यामकुमार सिंह**लाई सोही ऐनको दफा ९ बमोजिम कसूर गरेकोमा सोही दफा बमोजिम कसूरको मात्रा अनुसार जनही ३ महिना कैद र रु.१०,०००।— (दश हजार रुपैया) जरिवाना हुने ठहर्छ।**प्रतिवादीहरु रणबहादुर बोहोरा, गणेशकुमार के.सी.,शुभाखर** | क. प्रतिवादी अमरबहादुर मल्लले वास्तविक दरवन्दीभन्दा बढी विवरण भएको झुठ्ठा बेहोराको कागजात लिखतका आधारमा स्वीकृत दरवन्दीभन्दा बढी दरवन्दी थप गरेको गलत दरवन्दी चार्टको लिखत बनाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुर गरेको देखिएको। साथै, स्वीकृत दरवन्दीभन्दा बढी कर्मचारी नियुक्त गरी बढी रकम भुक्तानी गर्ने क्रममा प्रतिवादी अमरबहादुर मल्लले प्रतिवादी शालिग्राम पौडेलसमेतको मिलोमतोमा रु.१,८२,०६,९००।– (अक्षेरुपि एक करोड बयासी लाख छ हजार नौ सय रुपैंया) बढी भुक्तानी दिई सरकारी सम्पत्ति वदनियतसाथ हिनामिना हानिनोक्सानी गरेको देखिँदा प्रतिवादीहरु दुवै जनाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको ठहर्छ भनी फैसला भएको अवस्था देखिएकोले प्रतिवादीहरु अमर बहादुर मल्ल र शालिग्राम पौडेलको हकमा पुनरावेदनको जिकिर लिनुपर्ने अवस्था नरहेको।<br><br>ख. प्रतिवादी सन्तोष गौतमले स्वीकृत दरवन्दीभन्दा बढीको गलत दरवन्दी चार्ट तयार गरी ऐ. ऐनको दफा ९ को कसुर गरेको ठहर्छ भनी फैसला भएको हुँदा उक्त दफा ९ को कसुर ठहर गरेको हदसम्म पुनरावेदनको जिकिर लिनुपर्ने अवस्था नरहेको।<br><br>ग. प्रतिवादी श्यामकुमार सिंहले मिति २०६९।११।१४ मा च.नं. ४४ को पत्रबाट जम्मा दरवन्दी संख्या २९९ भएको भनी जिल्ला हुलाक कार्यालय, दैलेखलाई स्वीकृत दरवन्दीभन्दा बढी दरवन्दी संख्या उल्लेख गरी गलत बेहोराको पत्र पठाई सोही ऐनको दफा ९ बमोजिम कसुर गरेको ठहर्छ भनी फैसला भएको हुँदा उक्त दफा ९ को कसुर ठहर गरेको हदसम्म पुनरावेदनको जिकिर लिनुपर्ने अवस्था नरहेको।<br><br>घ. जिल्ला हुलाक कार्यालय, दैलेखका तत्कालिन प्रशासन शाखा प्रमुखसमेत रहेका प्रतिवादी सन्तोष गौतमले स्वीकृत दरवन्दीभन्दा बढीको गलत दरवन्दी चार्ट तयार गरी हुलाक अधिकृत प्रतिवादी अमर बहादुर मल्लले सहि गरी हुलाक सेवा विभाग पठाई सोही वमोजिम दरवन्दी संख्या उल्लेख गरी अनाधिकृत रुपमा गलत व्यहोराको पत्र प्रतिवादी श्याम कुमार सिंहले जिल्ला हुलाक कार्यालय दैलेखलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जना समेतले वदनियत राखी बास्तविक १५२ जना दरवन्दी भन्दा बाहेक १४७ जना थप व्यक्तिहरुको नाममा तलवी प्रतिवेदन तयार पारेको तलवी प्रतिवेदनमा अघिल्लो आ.व.मा भुक्तानी भएको विवरण समेतलाई आधार नमानी, हुलाक सेवा विभागबाट बास्तविक दरवन्दी खुलाई गरेको पत्राचार एवं महालेखा परीक्षकको प्रतिवेदन समेतलाई वेवास्ता गरी कोष तथा लेखा नियन्त्रक कार्यालयका कोष नियन्त्रक शुभाखर न्यौपाने र लेखापाल दीपबहादुर थापाले तत्कालीन कार्यालय प्रमुख अमरबहादुर मल्ल समेतसँग मिलेमतो गरी बद्नियत्पूर्वक तलवी प्रतिवेदन पारित गरी गलत लिखतका आधारमा तयार भएको १४७ जना व्यक्तिहरुलाई तलव भत्ता भुक्तानी भएको देखिंदा निज **प्रतिवादीहरु अमरबहादुर मल्ल, सन्तोष गौतम, गणेशबहादुर के.सी., श्यामकुमार सिंह**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा विगो रु.१,८२,०६,९००।- (अक्षरुपी एक करोड बयासी लाख छ हजार नौ सय) कायम गरी निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) एवं दफा ९ बमोजिम सजाय गरी हानि नोक्सानी गरेको विगो रु.१,८२,०६,९०० (एक करोड बयासी लाख छ हजार नौसय) निज प्रतिवादीहरुवाट सोही ऐनको दफा १७ | **न्यौपाने र दिपबहादुर थापाले** आरोपित कसुरवाट सफाई पाउने ठहर्छ । प्रतिवादीहरु उपरको अन्य आरोपदावी पुग्न सक्दैन भनी फैसला भएको।<br><br>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**<br><br>क) प्रतिवादी अमरबहादुर मल्लले वास्तविक दरवन्दी भन्दा बढी विवरण भएको झुठ्ठा बेहोराको कागजात लिखतका आधारमा स्वीकृत दरवन्दी भन्दा बढी दरवन्दी थप गरेको गलत दरवन्दी चार्टको लिखत बनाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसूर गरेको देखिएको साथै स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी नियुक्त गरी बढी रकम भुक्तानी गर्ने क्रममा प्रतिवादी अमरबहादुर मल्लले प्रतिवादी शालिग्राम पौडेलसमेतको मिलोमतोमा रु.१,८२,०६,९००।—(अक्षेरुपि एक करोड बयासी लाख छ हजार नौ सय रुपैंया) बढी भुक्तानी दिई सरकारी सम्पत्ति वदनियतसाथ हिनामिना हानि नोक्सानी गरेको देखिँदा प्रतिवादीहरु दुवै जनाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर गरेको ठहर्छ।<br>ख) प्रतिवादी सन्तोष गौतमले स्वीकृत दरवन्दी भन्दा वढीको गलत दरवन्दी चार्ट तयार गरी ऐ.ऐनको दफा ९ को कसुर गरेको देखिन्छ।<br>ग) प्रतिवादी सन्तोष गौतमले दरवन्दी भन्दा बढी संख्यामा कर्मचारी नियुक्ति गर्ने निर्णय पनि नगरेको तथा तलब भुक्तानी गर्ने कार्य समेत नगरेको, सरकारी रकम हिनामिना गर्ने कार्यमा निजको संलग्नता नदेखिएको एवं सरकारी रकम हिनामिना गर्ने कार्यमा संलग्न | पठाएको तथ्य स्वयं विशेष अदालतले ठहर गरी प्रतिवादीहरु सन्तोष गौतम र श्याम कुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिम कसुर कायम गरी सजायसमेत गरेको। सोही झुठ्ठा दरवन्दी चार्ट र हुलाक सेवा विभागबाट प्राप्त पत्रलाई आधार बनाई प्रतिवादीहरु अम्मर बहादुर मल्ल समेतले स्वीकृत दरवन्दीभन्दा बढी दरवन्दी थप गरेको गलत दरवन्दी चार्टको लिखत बनाई स्वीकृत दरवन्दीभन्दा बढी कर्मचारी नियुक्त गरी बढी रकम भुक्तानी गरेको पुष्टि भएको भनी स्वंय विशेष अदालतले प्रतिवादीहरु अमरबहादुर मल्ल र शालिग्राम पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर ठहर गरी वढी भुक्तानी भएको रकमलाई विगो कायम गरी सजायसमेत गरेको। अवस्थासमेत विद्यमान छ। प्रतिवादी श्यामकुमार सिंहले मिति २०६९।११।१४ मा च.नं. ४४ को पत्रबाट जम्मा दरवन्दी संख्या २९९ भएको भनी जिल्ला हुलाक कार्यालय, दैलेखलाई स्वीकृत दरवन्दीभन्दा बढी दरवन्दी संख्या उल्लेख गरी गलत बेहोराको पत्र पठाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कसुर गरेको ठहर्छ भनी फैसला भएको देखिन्छ। सोही पत्रलाई आधार लिई प्रतिवादीहरु अम्मर बहादुर मल्ल समेतले वास्तविक दरवन्दीभन्दा बढी विवरण भएको झुठ्ठा बेहोराको कागजात लिखतका आधारमा स्वीकृत दरवन्दीभन्दा बढी दरवन्दी थप गरेको गलत दरवन्दी चार्टको लिखत बनाई स्वीकृत दरवन्दीभन्दा बढी कर्मचारी नियुक्त गरी बढी रकम भुक्तानी गरेको पुष्टि भएको भनी स्वंय विशेष अदालतले प्रतिवादीहरु अमरबहादुर मल्ल र शालिग्राम पौडेललाई विगो रु.१८२,०६,९००।- कायम गरी जरिवाना र कैद सजायसमेत गरेको अवस्थामा प्रतिवादी श्यामकुमार सिंहको उक्त पत्र विना प्रतिवादीहरु अमर वहादुर मल्लसमेतले स्वीकृत दरवन्दीभन्दा बढी कर्मचारी नियुक्ति गर्ने तथा स्वीकृत दरवन्दीभन्दा बढी कर्मचारीलाई तलब भुक्तानी गर्ने कार्य गर्न नसक्ने अवस्था हुलाक नियमावली, २०३४ को नियम ७ वमोजिम हुलाक सेवा विभागको स्वीकृति विना उक्त कर्मचारी नियुक्ति गर्न नसकिने कानूनी व्यवस्था समेतबाट देखिएको। माथि विवेचना गरिए वमोजिम प्रतिवादीहरु सन्तोष गौतम र श्याम कुमार सिंहसमेतको उपस्थित तथा मिलोमतो विना प्रस्तुत भ्रष्टाचारजन्य कसुर अपराध वारदात पूर्ण हुने अवस्था नरहेको पुष्टि भई रहेको अवस्थामा केवल दरवन्दीभन्दा बढी संख्यामा कर्मचारी नियुक्ति गर्ने निर्णय पनि नगरेको तथा तलब भुक्तानी गर्ने कार्यसमेत नगरेको, सरकारी रकम हिनामिना गर्ने कार्यमा निजको संलग्नता नदेखिएको एवं सरकारी रकम हिनामिना गर्ने कार्यमा संलग्न सहप्रतिवादीहरु अमरबहादुर मल्ल र शालिग्राम पौडेललाई कसुर सजाय भइसकेको अवस्था रहेको भनी आधार लिई प्रतिवादीहरु संतोष गौतम र श्याम कुमार सिंहलाई आरोपदावी वमोजिमको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुरबाट सफाई दिने गरी भएको फैसला मुलुकी अपराध संहिता, २०७४ को दफा ३१, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कानुनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम असुल उपर हुन, **प्रतिवादी शालीग्राम पौडेल**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा विगो रु. १,७५,५८,६३०।- (अक्षरुपी एक करोड पचहत्तर लाख अन्ठाउन्न हजार छ सय तीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको विगो रु. १,७५,५८,६३०।- (अक्षरुपी एक करोड पचहत्तर लाख अन्ठाउन्न हजार छ सय तिस) सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन, **प्रतिवादी रणबहादुर बोहरा**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा विगो रु.३०,०३,२१०।- (अक्षरुपी तीस लाख तीन हजार दुईसय दस) कायम गरी सोही ऐनको दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको विगो रु.३०,०३,२१०।- (अक्षरुपी तीस लाख तीन हजार दुईसय दस) सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन, **प्रतिवादीहरु शुभाखर न्यौपाने, दीप बहादुर थापा**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा विगो रु. १,८२,०६,९००।- (अक्षरुपी एक करोड बयासी लाख छ हजार नौ सय) कायम गरी सोही | सहप्रतिवादीहरु अमरबहादुर मल्ल र शालिग्राम पौडेललाई कसूर सजाय भइसकेको अवस्था हुँदा निज प्रतिवादी उपरको ऐ.ऐनको दफा १७ को आरोपदावी पुष्टि हुन सकेको देखिएन ।<br>**घ)** प्रतिवादी श्यामकुमार सिंहले मिति २०६९।११।१४ मा च.नं.४४ को पत्रबाट जम्मा दरवन्दी संख्या २९९ भएको भनी जिल्ला हुलाक कार्यालय, दैलेखलाई स्वीकृत दरवन्दी भन्दा बढी दरवन्दी संख्या उल्लेख गरी गलत बेहोराको पत्र पठाई सोही ऐनको दफा ९ बमोजिम कसूर गरेको देखिएको।<br>**ङ)** प्रतिवादी श्यामकुमार सिंहले स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी नियुक्ति गर्ने तथा स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारीलाई तलब भुक्तानी गर्ने कार्यमा निज प्रतिवादीको संलग्नता रहे भएको नदेखिएको। सरकारी रकम हानि नोक्सानी गर्ने कार्यमा निज प्रतिवादीको संलग्नता रहे भएको नदेखिँदा निज उपरको सरकारी रकम हिनामिना हानि नोक्सानी गरेको भन्ने आरोपदावी पुष्टि हुन नसकेको अवस्था हुँदा प्रस्तुत आरोपदावीमा प्रतिवादीलाई कसूरदार ठहर गर्न मिल्ने नदेखिएको।<br>**च)** प्रतिवादी रणबहादुर बोहोराको गलत लिखत तयार गर्ने, नियुक्ति गर्ने कार्यमा संलग्नता नदेखिएको, साविक बमोजिम तलब भुक्तानी गरेको कार्यलाई निरन्ततासम्म दिएको देखिएको, निजले वदनियत राखी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको नदेखिँदा निज उपरको आरोपदावी पुग्न नसकी आरोपित कसूरबाट निजले सफाई पाउने।<br>**छ)** प्रतिवादी गणेशकुमार के.सी. निम्न तहको | व्यवस्थाको रोहमा त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>ङ. प्रतिवादी रणवहादुर बोहोरा जिल्ला हुलाक कार्यालय, दैलेखमा मिति २०७०/११/१३ देखि मिति २०७१/०२/१० सम्म जिल्ला हुलाक कार्यालय दैलेखको निमित्त कार्यालय प्रमुखको रुपमा कार्यरत रही २०७० सालको फागुण महिनादेखि २०७१ सालको बैशाख महिनासम्मको तलव भुक्तानी गर्दा नायब सुब्बा रण बहादुर बोहराले आफ्नो ओहोदाको वा सोसम्वन्धी कर्तव्य पालनाको क्रममा जिल्ला हुलाक कार्यालय दैलेख अन्तर्गतका अतिरिक्त हुलाक कार्यालयहरुको वास्तविक दरबन्दी एकिन नगरी तत्कालीन हुलाक अधिकृत समेतले तयार पारेको वास्तविक दरबन्दीभन्दा बढी दरबन्दी विवरण भएको झुठ्ठा व्यहोराको कागजात/लिखतको आधारमा दैलेख जिल्ला अन्तर्गतका अतिरिक्त हुलाक कार्यालयहरुमा दरवन्दी १५२ मात्र भएको भनी मिति २०७०/०६/१३ मा हुलाक सेवा विभागबाट लेखिएको पत्रसमेतलाई वेवास्ता गरी उल्लिखित तीन महिना अवधिको १४७ जना स्वीकृत दरवन्दीभन्दा वढी व्यक्तिहरुलाई तलब भत्ता भुक्तानी दिई रु.३०,०३,२१०।- (अक्षरेपि तीस लाख तीन हजार दुईसय दस) वढी खर्च लेखी सरकारी सम्पत्ति/रकम लापरबाही वा बद्नियत् गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरेकोमा विवाद गर्नुपर्ने अवस्था नदेखिएको। निज प्रतिवादी रण वहादुर वोहरा निमित्त कार्यालय प्रमुख हुन अन्य कार्यालयबाट सरुवा भई त्यस कार्यालयमा नयाँ आउनु भएको कर्मचारी पनि होईन। निज सोही कार्यालयमा नायव सुव्वा पदमा धेरै पहिलेदेखि नै कार्यरत रहेको र दैलेख जिल्लामा अतिरिक्त हुलाक कार्यालयको दरवन्दी समान्यतया कति छ भन्ने थाहा जानकारी भएकै कर्मचारी हो भन्ने देखि नै रहेको अवस्थामा दरवन्दीभन्दा झण्डै दोव्वर कर्मचारीहरुलाई तलव भुक्तानी गरेको अवस्था थाहा जानकारी नभई भएको भनी मान्न मिल्ने अवस्था नदेखिएको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले लापरवाही वा वदनियत दुवै किसिमले भएका नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना हानिनोक्सानी गरेको कुरालाई भ्रष्टाचारको परिभाषा भित्र पारेको अवस्था छ। स्वंय अदालतको फैसलाको प्रकरण नं.६४ मा समेत दरवन्दी भन्दा बढीलाई रकम भुक्तानी दिएकोमा स्वीकार गरेको देखिन्छ भने प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा वयान गर्दासमेत सो तथ्यलाई स्वीकार गरेको। यस अवस्थामा प्रतिवादी रणबहादुर बोहोराको गलत लिखत तयार गर्ने, नियुक्ति गर्ने कार्यमा संलग्न नदेखिएको, साविक बमोजिम तलब भुक्तानी गरेको कार्यलाई निरन्ततासम्म दिएको देखिएको भनी आधार लिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसलाबाट पूर्व कार्यालय प्रमुखले गरेको भ्रष्टाचार जन्य कसुरको निरन्तरता वाहालवाला कार्यालय प्रमुखले गर्न पाउने भनी गलत नजिर नै बस्ने गरी वाहालवाला कार्यालय प्रमुखले अनिवार्य गर्नुपर्ने न्यूनतम कार्य आफ्नो मातहतका कर्मचारी संख्या एकिनै नगरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐनको दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको बिगो रु. १,८२,०६,९००।-(अक्षरुपी एक करोड बयासी लाख छ हजार नौ सय) सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन समेतको मागदावी लिइएको। | कर्मचारी भई कार्यालय प्रमुखले लाए अह्याएको काम गरेकोसम्म देखिएको अवस्था हुँदा निजले वदनियत राखी कार्य गरेको देखिन नआउँदा निज उपरको आरोपदावी पुग्न नसकी सफाई पाउने।<br>ज) प्रतिवादीमध्ये शुभाखर न्यौपाने र दिपबहादुर थापाको कर्मचारी नियुक्ति गरी तलब भुक्तानी गर्ने कार्यमा संलग्नता नदेखिँदा निज प्रतिवादीहरु उपरको आरोपदावी पुग्न नसकी निजहरुले सफाई पाउने। | पहिले भएको भुक्तानीको आधारमा नै भुक्तानीसम्म दिएको भनी आधारलिई प्रतिवादी रणबहादुर बोहरालाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा १०, १८, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७, मुलुकी अपराध संहिता, २०७४ को दफा ३१ को रोहमा त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>च. प्रतिवादी गणेश कुमार के.सी.ले जिल्ला हुलाक कार्यालय, दैलखमा स्वीकृत दरवन्दीभन्दा वढीको गलत दरवन्दी चार्ट तयार पारी मिति २०६९/०४/०१ गते हुलाक सेवा विभागमा पेश गरेको विषयमा स्वयं अदालतको फैसलाको प्रकरण नं. ६६ र प्रतिवादीले अनुसन्धान तथा अदालतमा गरेको वयानमा स्वीकार गरेको। प्रतिवादी गणेश कुमार के.सी. सहायक कम्प्यूटर अपरेटरमा कार्यरत रहेकोले निम्न स्तरको कर्मचारीसमेत नदेखिएको तथा आर्थिक वर्षको शुरुमा नै दरवन्दी विवरण हुलाक सेवा विभाग पठाउन पर्ने भनी थाहा जानकारी भएको कर्मचारी हो भन्नेमा विवाद नरहेको अवस्था भ्रष्टाचारजन्य कसुरमा कसुर जन्य कार्य गर्ने गराउनेलाई नै सजायको व्यवस्था रहेको अवस्थामा प्रतिवादीलाई सफाई दिने उद्देश्यले प्रतिवादी गणेशकुमार के.सी. निम्न तहको कर्मचारी भई कार्यालय प्रमुखले लाए अह्याएको काम गरेकोसम्म देखिएको अवस्था हुँदा निजले वद्नियत राखी कार्य गरेको नदेखिएको भनी आधार लिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको। साथै प्रतिवादी गणेश कुमार के.सी.लाई स्वीकृत दरवन्दीभन्दा बढीको गलत दरवन्दी चार्ट तयार गर्दै छु भन्ने थाहा हुने अवस्थाको विद्यमानता स्पष्ट देखिएको। कार्यालय प्रमुखले लाए अहाएको कार्य गलत हो भन्ने थाहा जानकारी हुँदाहुँदै गलत कार्य गर्ने व्यक्तिलाई उपल्लो अधिकारीको आदेश (Superior Order) को आधारमा कसुरबाट उन्मुक्ति दिन सकिने कुनै कानूनी व्यवस्था पनि नरहेको, कानूनको मान्य सिद्धान्तले समेत स्वीकार नगरेको अवस्थामा प्रतिवादी गणेश कुमार के.सी.लाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण एवं वदरयोग्य रहेको।<br>छ. प्रतिवादी शुभाखर न्यौपाने कोष तथा लेखा नियन्त्रक कार्यालय दैलेखमा मिति २०६९ जेष्ठदेखि २०७१ आश्विन १ गतेसम्म कोष नियन्त्रकको रुपमा कार्यरत रहेको। देखिन्छ। प्रतिवादीले आफ्नो ओहोदाको वा सोसम्वन्धी कर्तव्य पालनाको क्रममा अघिल्लो आर्थिक वर्ष (२०६८/०६९) को तुलनामा तलब शीर्षकमा गत वर्षको भन्दा ठूलो परिमाणमा बढी तलब निकासा गर्दा सो रकम निकासा गर्न मिल्ने नमिल्ने सम्बन्धमा आवश्यक प्रमाण भए नभएको आधार समेत नहेरेको, हुलाक सेवा विभागको मिति २०६९।११।१४ गते पत्रानुसार भनी थप १४७ जना (२९९ जना)को तलव भत्ता वितरण गरेको भए तापनि हुलाक सेवा विभागले १५२ जना दरबन्दी भएको भन्ने व्यहोराको मिति २०७०।०६।१३ गते कोष तथा लेखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नियन्त्रक कार्यालय दैलेख समेतलाई वोधार्थ दिई पत्राचार गरेको। साथै, महालेखा परीक्षकको कार्यालयको मिति २०७०।१०।१६ गतेको पत्रसाथ संलग्न प्रतिवेदनसमेतमा उल्लेख भएको कैफियत विपरित वदनियत राखि निरन्तर रुपमा २०६९ सालको श्रावण महिनादेखि २०७१ सालको जेष्ठ महिनासम्म स्वीकृत दरवन्दी १५२ जना भन्दा झण्डै दोव्वर २९९ जना व्यक्तिहरुलाई तलब निकासा दिई आरोपदावी वमोजिमको कसुर गरेको पुष्टि भई रहेको अवस्थामा कर्मचारी नियुक्ति गरी तलब भुक्तानी गर्ने कार्यमा संलग्नता नदेखिँएको भन्ने आधार लिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br><br>ज. कोष तथा लेखा नियन्त्रक कार्यालय दैलेखमा २०६९ सालदेखि २०७४ सालसम्म लेखापाल पदमा कार्यरत दीप बहादुर थापाले आफ्नो ओहोदाको वा सोसम्वन्धी कर्तव्य पालनाको क्रममा आ.व. २०६९/०७० को लेखापरीक्षण प्रतिवेदनले त्रुटि औंल्याउँदा औंल्याउदै जिल्ला हुलाक कार्यालय दैलेख अन्तर्गतको अतिरिक्त हुलाकमा दरवन्दीभन्दा १४७ जना बढी कर्मचारीको रकम निकासा सम्वन्धी कारवाही गरेको र उल्लिखित व्यहोरालाई समर्थन गरी २९९ जना दरवन्दीका कर्मचारीहरुले तलव खाईरहेको भन्ने व्यहोराको पत्र हुलाक सेवा विभागमा प्रेषित समेत गरेको देखिँदा २०६९ सालको श्रावण महिनादेखि २०७१ सालको जेष्ठ महिनासम्म स्वीकृत दरवन्दीभन्दा वढी १४७ जना व्यक्तिहरुलाई तलब निकासा दिने कार्यमा संलग्न भई आरोपदावी वमोजिमको कसुर गरेको पुष्टि भईरहेको अवस्थामा कर्मचारी नियुक्ति गरी तलब भुक्तानी गर्ने कार्यमा संलग्नता नदेखिँएको भन्ने आधार लिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिएको।<br><br>झ. यसै सन्दर्भमा विरमान लुङ्गेली मगर वि. नेपाल सरकार भएको मुद्दामा “फौजदारी अपराधमा जरियाको सिद्धान्त (Doctrine of Causation) अनुसार फौजदारी दायित्व वहन गराउनका लागि फौजदारी कानूनले निषेध गरेको परिणाम कसको कार्यबाट उत्पन्न भएको हो भन्ने कुरा महत्वपूर्ण हुने” (नि.नं. ८८५३ भाग ५४, अश्विन ने.का.प. २०६९ अंक ६) भनी सम्मानित सर्वोच्च अदालतबाट नजिर प्रतिपादन भईसकेको अवस्थामा सोको प्रतिकूल हुने गरी नेपाल सरकारको रकम हानिनोक्सानीको सुरु विन्दु/जरिया आर्थिक वर्षको सुरुमा झुठ्ठा विवरण राखी दरवन्दी चार्ट तयार गरी हुलाक सेवा विभागमा स्वीकृतको लागि पठाई सोहीवमोजिम झुठ्ठा विवरणको दरवन्दी स्वीकृत व्यहोराको पत्र पठाई सोहीवमोजिम स्वीकृत दरवन्दीभन्दा बढी कर्मचारी नियुक्त गरी बढी रकम भुक्तानी भएको पुष्टि भएको अवस्थामा समेत प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्त तथा नजिरको प्रतिकूल रही त्रुटी पूर्ण भई बदरभागी रहेको। |

ञ. यसै सन्दर्भमा सार्जन पाण्डे वि. नेपाल सरकार भएको मुद्दामा “सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहारबाट देखिने हुन्छ” “कार्य तत्वले नै बद्नियत तत्व र मनसाय तत्व पत्ता लाग्छ।” (स.अ.बु, वर्ष १८, अंक १५, मंसिर २०६६, पूर्णांक ४१७, पृष्ठ १९) भनी सर्वोच्च अदालतबाट फैसला भएकोले उक्त फैसालाको प्रतिकूल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।

ट. जगरनाथ प्रसाद सोनार विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा “भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने” **(ने.का.प. २०७६, नि.नं. १०३८७, अंक ११)** भनी सर्वोच्च अदालतबाट नजिर प्रतिपादन भईसकेको अवस्थामा सो नजिरको समेतको प्रतिकूल हुने गरी प्रतिवादीहरुले आरोपित कसुरबाट सफाइ पाउने गरी विशेष अदालत, काठमाडौंको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।

ठ. मथुरा ढकाल विरुद्ध नेपाल सरकार भएको मुद्दामा “भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने” (ने.का.प. २०७५ नि.नं. १०१४२ अंक ११) भनी सर्वोच्च अदालतबाट नजिर प्रतिपादन भईसकेको अवस्थामा सो नजिरको समेतको प्रतिकूल हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ड. दीलिप कुमार मल्ल ठकुरी विरुद्ध नेपाल सरकार भएको मुद्दामा“दायित्व सबैको आआफ्नो हुन्छ। आरोप को कसलाई लगाउने हो भन्ने विषय आरोपपत्र प्रस्तुतकर्ताको हुन्छ तर निर्णयको रोहमा अरूको पनि सम्पत्तिको रेखदेख गर्ने जिम्मेवारी छ भन्दैमा आरोपित व्यक्तिउपर लागेको कसुरको गाम्भीर्यमा कमीचाहिँ आउँदैन।” **(ने.का.प. २०७२, नि.नं. ९४०३, अंक ५)** भनी सर्वोच्च अदालतबाट नजिर प्रतिपादन भईसकेको अवस्थामा सो नजिरको समेतको प्रतिकूल हुने गरी

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको फैसला त्रुटिपूर्ण रहेको।<br><br>ढ. त्यस्तै पुष्परत्न भन्ने आश्विनकुमार स्थापित विरुद्ध नेपाल सरकार भएको मुद्दामा "घटनाको कारणका रुपमा प्रस्तुत गरिएको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि प्रमाणित भएबाट सो वयान स्वेच्छा प्रतिकूलको भनी अदालतसमक्ष दावी लिँदैमा त्यस्तो वयानको प्रामाणिक मूल्यमा प्रश्न उठाउन नमिल्ने।" **(ने.का.प. २०६६, नि.नं. ८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)** भनी सर्वोच्च अदालतबाट नजिर प्रतिपादन भईसकेको अवस्थामा केवल प्रतिवादीहरुले सजायबाट बच्न कसुरमा इन्कारी वयान गरेको आधारमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको। |